**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख २४ गते**

प्रदेश ५ मा वैशाख २४ गतेसम्म ८ हजार १ सय २७ जना व्यक्ति क्वारेण्टाइनमा रहेका छन् । भने ४० जना आइसोलेशनमा रहेका छन् । हालसम्म १ हजार ३ सय ६६ जनाको थ्रोटस्वाब परीक्षण भएकोमा १ हजार २ सय ६२ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १ सय ४ जनाको रिपोर्ट प्रक्रियामा रहेको छ । प्रदेश ५ मा बाँकेमा २३ र रुपन्देहीमा एक गरी २४ जना कोरोना सङ्मितको उपचार भइरहेको छ ।

बाँकेमा कोरोना भाइरसको सङ्क्रमित बढेपछि विश्व स्वास्थ्य सङ्गठनको पाँच सदस्यीय टोलीले वैशाख २३ गते नेपालगञ्ज पुगेको छ । टोलीले नेपालगञ्जका सङ्क्रमित  स्थानहरूको अध्यन तथा रोकथाममा जुटेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

बाँकेको भेरी अस्पतालमा कोरोना भाइरस सङ्क्रमणका शङ्काष्पद ६६ जनाको स्वाब मध्ये ३४ जनाको परीक्षण रिर्पोट नेगेटिभ आएको र ३२ जनाको प्रक्रियामा रहेको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसीका अनुसार** विश्वमा फैलिएको कोरोना भाइरस नियन्त्रणका लागि प्रदेश ५ का मुख्यमन्त्री शङ्कर पोखरेलको संयोजकत्वमा गठित काइसिस म्यानेजमेण्ट समितिको बैठकले वैशाख २४ गते कोरोना भाइरस सङ्क्रमितको उपचारका लागि क्षमता विस्तार गर्नुपर्ने देखिएकोले  बाँकेको नेपालगञ्जस्थित नेपाली सेनाको अस्पताल र नेपाल प्रहरीको अस्पताललाई समेत आवश्यकता अनुसार प्रयोग गर्ने निर्णय गरेको छ ।

कोरोना भाइरसको सङ्क्रण नेपालगञ्जमा बढी देखिएकोले परीक्षणको दायरा बढाउन आवश्यक किट, स्वास्थ्य सामग्री, पीपीइ , औषधि उपलब्ध गराउन सामाजिक विकास मन्त्रालयले आवश्यक संयोजन गर्ने, कोरोना भाइरसका शङ्काष्पद बिरामीहरूको पिसिआर परीक्षणलाई जोड दिने । भारतबाट आउनेका हकमा आइसोलेशन बेड भएका अस्पतालमा राखेर स्वाव सङ्कलनको व्यवस्था मिलाउने । रिपोर्ट पोजेटिभ देखिएमा कोरोना बिशेष अस्पतालमा पुरयाउने निर्णय गरेको छ ।

यसैगरी कोरोना विशेष अस्पतालका लागि आवश्यक सबै खर्च कोरोना भाइरस रोकथाम तथा उपचार कोषबाट नियमानुसार खर्च गर्ने व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने र नेपाल भारत सीमा क्षेत्रको सुरक्षासम्बन्धी जनशक्ति, आवश्यक सामग्री र आवास लगायतको समस्याका सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले गृह मन्त्रालयसँग आवश्यक समन्वय गरी कार्ययोजना तयार गर्ने । प्राथमिक उपचारका लागि आवश्यक औषधि र स्वास्थ्य उपकरण सामाजिक विकास मन्त्रालयले उपलब्ध गराउने छ ।

स्थानीय श्रमिकहरूको प्रयोग गरी सञ्चालन गर्न सकिने निर्माण र उत्पादनसँग सम्बन्धित कार्यहरू सञ्चालनका लागि प्रमुख जिल्ला अधिकारीहरूले सहजीकरण गर्ने । अदक्ष र अर्धदक्ष कामदारहरू स्थानीय तहले  र दक्ष कामदारका हकमा स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले अनुमति दिने व्यबस्था मिलाउने निर्णय गरेको छ ।

विकास निर्माणसँग सम्वन्धित निर्माण सामग्रीहरुको ढुवानी व्यवस्थाका लागि प्रमुख जिल्ला अधिकारीले सहजीकरण गर्ने । कृषकहरूका लागि आवश्यक बिउ विजन आयात गर्नका लागि सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीहरुले सहजीकरण गरी सहजै उपलब्ध हुने व्यवस्था मिलाउने ।

विद्यालय सञ्चालनका हकमा नेपाल सरकारबाट भएको निर्णयको कार्यान्वयन गर्ने । विद्यालयहरूले सञ्चालन गरेको परीक्षाको नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

प्रदेशमा कोरोना भाइरसको सङ्क्रमणको अबस्था हेरी क्षमता बिस्तारका साथै थप आइसोलेसन अस्पतालका योजना सामाजिक विकास मन्त्रालयले तयार गर्ने । भारतबाट आउनसक्ने नेपालीलाई लक्षित गरी यस अघि निर्णय भएका बाँके र रुपन्देही र कपिपलवस्तु जिल्लामा थप ३ हजार क्वारेण्टाइन बेडको व्यवस्था स्थानीय तहमा गर्ने र प्रमुख जिल्ला अधिकारीले आवश्यक समन्वय गर्ने ।
यसै गरी क्वारेण्टाइनको व्यवस्थापनका लागि भएको खर्चको विबरण तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत कोरोना भाइरस सङ्क्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट शोधभर्ना माग गर्ने निर्णय गरिएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार शेरबहादुर केसीले बताउनु भयो ।

**इन्सेक प्यूठान जिल्ला प्रतिनिधि रबिन्द्र पाण्डेका अनुसार** प्रदेश ५ का जिल्लाहरूमा कोरोना सङ्क्रमित भेट्टिएपछि जिल्लामा लकडाउनलाई झन कडा गरिएको जिल्ला प्रहरी कर्यालयले जनाएको छ । बाँके र रुपन्देहीबाट विभिन्न समाग्रीहरू ढुवानी गरिने र यातायातका साधनमा लुकेर जिल्लामा आउन सक्ने भएकोले रोकथामका लागि जिल्लामा सुरक्षा, चेकजाच तथा हिडडुलमा झनै कडाई गनुपर्ने देखिएकोले सोही अनुसार गरिएको जिल्ला प्रहरी प्रमुख डिएसपी नरेन्द्रकुमार कार्कीले बताउनु भयो ।
क्वारेण्टाइमा रहेकालाई व्यक्तिहरूको रोग प्रतिरोधात्मक क्षमता वृद्धि गराउनको लागि जिल्ला आयुर्वेद अस्पतालले मल्लरानीले गाउँपालिकाका क्वारेण्टाइनमा रहेका ५२ जना व्यक्तिलाई आयुर्वेद औषधि वितरण गरिएको र अन्य स्थानिय तहमा पनि वितरण गर्ने योजना गरेको जिल्ला आयुर्वेद अस्पतालका सुचना अधिकारी थानेश्वर न्यौपनेले जानकारी दिनुभयो ।

**इन्सेक अर्घाखाँची जिल्ला जिल्ला प्रतिनिधि नारायण भुसाल**का अनुसार स्थानीय तहमा रहेका क्वारेण्टाइन र क्वारेण्टाइनमा रहेका ब्यक्तिहरूको अवस्था बुझ्न जिल्ला प्रसासन कार्यलयले दैनिक अनुगमन गरिरहेको छ ।
छत्रदेब गाउँपालिकाले कोरोना राहत कोषमा रकम जम्मा गर्न सबैलाई अनुरोध गरेको छ । हालसम्म कोरोना राहात कोषमा ५६ लाख रुपियाँ जम्मा भएको अध्यक्ष लेखनाथ पोखेलले बताउनु भयो ।
सदरमुकाम सन्धीखर्क बजारमा डाकडाउन समयमा तरकारीमा बजार मूल्य भन्दा बढी लिने गरेको गुनासो आएपछि जिल्ला प्रसाशन कार्यलय र तरकारी व्यवसायीबीच भएको सम्झौता अनुसार व्यबसायीहरूले खरिद मुल्यको २० प्रतिशत भन्दा बढी मुल्य नबढाइ बिक्री वितरण नगर्ने सहमती भएको छ ।
कोरोना भाइरसका कारण चेत महिनामा रोकिएको नियमित खोप जिल्लाका सबै स्थानीय तहमा सम्पन्न भएको जिल्ला स्वास्थ कार्यलयले जनाएको छ ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार जिल्लावासीहरूलाई लकडाउनको पालना गर्न जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ । सिमा क्षेत्रमा नियन्त्रणमा लिएका नागरिकहरूलाई नेपाल प्रवेश नगराई भारतमा नै व्यवस्था गर्नका लागि पहल भइरहेको छ । प्रहरीले नियन्त्रणमा लिएका २ सय ८६ जना दशगजा क्षेत्रमा रहेका छन् ।
रोजगारीको क्रममा भारत गएका नेपाली नागरिकहरू लुकेर नेपाल प्रवेश गर्नेहरूका कारण सबैमा त्रास फैलिएको छ । भारतले लकडाउनलाई खुकुलो बनाएसँगै नेपालीहरू फर्किनेको घुँईचो लागेको छ ।

महाराजगञ्ज नपाबाट ५४ जनाको स्वाब सङ्कलन गरी पिसिआर परिक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोग शाला काठमाण्डौका पठाइएकोस्वास्थ्य कार्यालयका प्रमुख योगेन्द्र भगलते बताउनु भयो ।
प्रमुख जिल्ला अधिकारी दीर्घ नारायण पौडेलले नियन्त्रणमा लिइएकाहरूलाई क्वारेण्टाइनमा राख्न भारत सिद्धार्थनगरका डिएम र एसएसबिसँग छलफल र समन्वय गरिएको बताउनु भयो ।

**दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार लकडाउनको अवज्ञा गरेको आरोपमा प्रहरीले २ सय जनालाई सडकमै दुइ घण्टा उभ्याएरको छाडेको छ । जिल्लाभर २ सय व्यक्ति र ८४ गाडीलाई सडकमै रोकेर पुनः गल्ती नदोहऱ्याउने शर्तमा छाडिएको जिल्ला प्रहरी कार्यालयले जनाउको छ । घोराही र तुलसीपुरमा अवज्ञा गर्नेहरुलाई सडकमै उभ्याइएको हो । लकडाउनमा अटेरी गर्न थालेपछि वैशाख २३ गतेदेखि सडकमै कारवाही थालेको हो । तर मजदुरी गर्न हिडेकाहरूलाई पनि सडकमा उभ्याएको भन्दै सर्वसाधारणले प्रहरीको अभियानको विरोध गरेका छन् ।
यसैवीच तुलसीपुर उपमनपाले बजार भाउ बढेको गुनासो आएपछि अनुगमन गरेको छ । अनुगमनका क्रममा म्याद नाघेका दालमोठ, चाउचाउ, बिस्कुट, वेसन, तेल, मसला, ग्लुकोज, विभिन्न जुस र चिउरा समेत म्याद नाघेको पाइएकाले बरामद गरेर नष्ट गरिएको तुलसीपुर उपमनपा उपभोक्ता हित सङ्रक्षण शाखाका प्रमुख रेवा रावतले जानकारी दिनुभयो । उपभोक्ता हित सङ्रक्षण शाखा, तुलसीपुर उद्योग वाणिज्य सङ्घ, जिल्ला प्रशासन, प्रहरी, र जनप्रतिनिधि सहितको टोलीले खाद्यान्न तथा डिपाटमेण्टल स्टोरमा अनुगमन गरेको थियो । अनुगमनपछि वैशाख २४ गते तुलसीपुर उद्योग बाणिज्य सङ्घ अन्तर्गत किराना व्यवसायी उपसमितिले किराना सामग्रीहरूको मूल्य सूचि सार्वजनिक गरेको छ ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार जिल्ला प्रशासन कार्यालय गुल्मीले प्रदेश ५ को रुपन्देही र बाँकेमा कोरोना सङ्क्रमित बढेपछि लकडाउनमा थप कडाइ गरेको छ । जिल्ला भित्रिने भने नाकाहरूमा सुरक्षाकर्मी थप गर्ने र स्थानीय तहका संयन्त्रलाई चुस्त बनाउने काम भएको प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्माले बताउनु भयो ।
वैशाख २४ गतेसम्म जिल्लामा ७५ जनाको पिसिआर र १ सय ११ जनाको आरडीटी परीक्षण गरिएको सबैको रिर्पोट नेगेटिभ आएको स्वास्थ्य कार्यालयका प्रमुख डाक्टर भवानी प्रसाद शर्माले बताउनु भयो ।
वैशाख २३ गते सङ्कलन गरिएका ६८ वटा पिसिआर नमूना भैरहवामा स्वाब किट अभाव भएका कारण पोखरा पठाइएको शर्माले जानकारी दिनु भयो ।
इस्मा गाँउपालिकाले काठमाण्डौबाट आएका २२ जनालाई क्वारण्टाइनमा राखेको छ । जिल्ला बिपद् व्यावस्थापन समितिले वैशाख ९ गतेको निर्णय अनुसार काठमाण्डौबाट आएका ९ जना महिला र १३ जना पुरुषलाई गाँउपालिकाले विभिन्न विद्यालयमा बनाएको क्वारेन्टाइनमा राखेको गाउँपालिका उपाध्यक्ष बिमला खत्रीले बताउनु भयो । सोही समूहमा आएर क्वारेण्टाइनमा बस्न अटेरी गर्ने इस्मा गाउँपालिका- २ का विद्यार्थी नेता बलराम बेलबासेलाई फिर्ता पठाएको खत्रीले जानकारी दिनु भयो । इस्मा गाउँपालिकाले अहिलेसम्म २७ जनाको आरडीटी परीक्षण रिर्पोट नेगेटिभ आएपछि होम क्वारेण्टाइनको लागि पठाएको छ । हालसम्म ४९ जना क्वारेण्टाइन पुरा गरेर घर फिर्ता भएका छन् ।

**इन्सेक रुकुमपूर्व जिल्ला प्रतिनिधि जयमान बुढा मगर**का अनुसार भूमे गाउँपालिकामा विभिन्न जिल्लाबाट आएका ५६ जनालाई क्वारेण्टाइनमा राखिएको थियो जसमध्येका २३ जनालाई २४ गते घर पठाइएको छ । दुई हप्ता पुगेपछि उनीहरूमा कुनै पनि ज्वरोको लक्षण देखा नपरेपछि पुनः एक हप्ता

होम क्वारेण्टाइनमा बस्ने सल्लाह सहित घर पठाइएको गाउँपालिकाका स्वास्थ्य सह-संयोजक सन्जीब खड्काले बताउनु भयो । हाल भूमे गाउँपालिका  ३३ जना सिस्नेमा ३ जना गरी जिल्लामा ३६ जना क्वारेण्टाइनमा रहेका छन् ।
विभिन्न जिल्लामा मजदुरी गर्न गएकाहरू ९ सय ७५ जना जिल्ला फर्किएका छन् । उनीहरूलाई  होम क्वारेण्टाइनमा राखिएको छ ।

्**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार प्रदेश ५ को रुपन्देही र बाँकेमा कोरोना सङ्क्रमित देखिएपछि लकडाउनमा थप कडाइ गरिएको छ । प्रदेश ५ को रुपन्देही र गण्डकी प्रदेशको स्याङ्जाबाट पाल्पा भित्रने व्यक्तिहरू र अत्यावश्यक बाहेक भित्रिने गाडी र व्यक्तिहरूलाई घर तर्फ फर्काइएको जिल्ला प्रहरी कार्यालय पाल्पाका एसपी दिपेन्द्र जिसीले बताउनु भयो ।
जिल्ला सदरमुकाम तानसेनमा प्रहरीले ड्रोन क्यामेराबाट लकडाउनको अवस्थाको अनुगमन गर्ने गरेको छ । यसैगरी रैनादेबी छहरा गाउँपालिकाले गाउँपालिकाका विभिन्न क्वारेण्टाइनमा रहेका व्यक्तिहरूलाई तनाव कम गराउन योगअभ्यास सञ्चालन गर्दै आएको छ ।
वैशाख २४ गते निस्दी गाउँपालिका भित्रका विभिन्न क्वारेण्टाइनमा रहेका ३७ जनामा आरडीटी परीक्षण गर्ने क्रममा सबैको रिपोर्ट नेगेटिभ आएपछि एक हप्ता होम  क्वारेण्टाइन बस्ने गरि पठाइएको गाउँपालिकाका अध्यक्ष मुक्त बहादुर सारूले बताउनु भयो ।
जिल्लाका १० वटै स्थानीय तहहरूले १४ दिन क्वारेण्टाइनमा बसेका व्यक्तिहरूको आरडीटि परीक्षण गरि थप एक हप्ता घरमै क्वारेण्टाइन बस्ने गरि  पठाउँदै आएका छन् ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी** का अनुसार जिल्लाका हरेक मुख्य बाटो र चोकमा निगरारानी र चेकजाँच कडाइ गरेको छ । छिमेकी जिल्ला, स्थानीय तह र भारतसँगको सिमामा कडाइ गर्ने निर्णय भएपनि कार्यान्वयनमा जनशक्तिको व्यवस्थित परिचालन हुन सकेको देखिदैन ।

स्थानीय तह सरकारले स्थापना गरेका नगर र सामुदायीक क्वारेण्टाइनमा मापदण्ड अनुसार व्यवस्थापन भएका छैन । खानामा समस्या नभएपनि सुत्नलाई समस्या रहेको छ । कतिपय क्वारेण्टायनमा  भुई सुत्नुपर्ने र व्यक्तिगत दुरी नाराखी टासिएरै सुत्न पर्ने अवस्था रहेको छ । पानी पर्दा समस्या हुनुको साथै सर्प टोक्ने जोखिम रहेको छ ।
लकडाउनको सुरूवातमा क्वारेण्टाइन व्यवस्थापन ठिकै देखिएपनि जिल्ला बाहिरबाट भित्रिने मानिसहरुको सङ्ख्या सोचे भन्दा बढी हुन थालेपछि व्यवस्थापनमा समस्या भएको हो ।
हालसम्म १ सय ८२ जनाको स्वाब  परीक्षण गरिएकोमा  १ सय ६५ को रिर्पोट नेगेटिभ आएको छ  । भने १७ जनाको  रिपोर्ट आउन बाँकी रहेको छ ।
हालसम्म १३ हजार ३ सय ४६ जना जिल्ला प्रवेश गरेका छन् । जिल्ला भरी १७ हजार ४ सय ८३ जनालाई मापदण्ड अनुसार राहत बितरण गरिएको छ ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार  जिल्लामा २३ जना कोरोना सङ्क्रमित पुष्टी भएको छ ।
विश्व स्वास्थ्य सङ्गठनको पाँच सदस्यीय टोली वैशाख २३ गते नेपालगञ्ज आइपुगेको छ । विश्व स्वास्थ्य सङ्गठन सहितको स्वास्थ्यकर्मीको टोलीले  नेपालगञ्जका भैरवटोल, रानीतलाउ सब्जीमण्डी, नाउ टोल, पन्डल मोहल्ला र टाँगा स्टेशनबाट ५६ जनाको स्वाव सङ्कलन गरेको छ ।

जिल्ला स्वास्थ्य कार्यालय बाँकेका फोकल पर्सन नरेश श्रेष्ठले २३ जना कोरोना सङ्क्रमितको सम्पर्क भएका व्यक्तिहरूको थ्रोट स्वाव सङ्कलन गरिएको बताउनु भयो । उहाँका अनुसार विश्व स्वास्थ्य सङ्गठनको टोलीले नेपालगञ्जका सङ्क्रमित स्थानहरूको अध्यन तथा रोकथाममा जुटेको बताउनु भयो ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार सशस्त्र प्रहरीले सिमामा कडाइ गरे पनि लकेर नेपाल भित्रिने क्रम रोकिएको छैन । लुकेर आएका व्यक्तिहरूलाई प्रहरीले नियन्त्रणमा लिएर क्वारेण्टाइनमा राखेको छ ।
क्वारेण्टाइनमा एक हप्ता अघि ९४ रहेकोमा जिल्ला भित्रिने व्यक्तिहरूलाई क्वारेण्टाइनमा राख्न थालेपछि १ सय ४२ जना पुगेका छन् ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**